# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ६१, २०७९-२०८४

मिति २०८२।०९।२० गते

**निर्णय नं. १**

गुलरिया नगरपालिकाको ६०औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं. ५ मा रहेको जि.एस. कन्ट्रक्सनले इजाजत पत्र नविकरण गरि पाउँ भनि निवेदन पेश गरेकोले गुलरिया नगरपालिका बर्दियाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ को अनुसूची-२ को ईजाजत नविरकण सम्बन्धी थप व्यवस्था को २ मा व्यवस्था भएको दण्ड तथा जरिवाना र नविकरण शुल्क निवेदकबाट लिई राजश्वमा आम्दानी बाधि नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गुलरिया नगरपालिका र प्रदेश विशेष अनुदान अनुसार मोटर खरिद प्रक्रिया अगाडी बढाइ सम्झौता समेत भई सकेकोले मोटर खरिदमा बाँकी रहेको रकमबाट तथा वडा स्तरमा मोटर खरिदमा विनियोजित रकमबाट खरिद गर्ने गरि पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि यस गुलरिया नगरपालिकाका लागि आवश्यक पर्ने आय र व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण संघीय अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था भए बमोजिम गुलरिया नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिस बमोजिम स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरिएको विवरणलाई अनुमोदन गरि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

तपसिल